कोशी प्रदेश सरकार
# उद्योग, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
ताप्लेजुङ, नेपाल

पत्र सङ्ख्या:२०८२/०८३

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम स्थापनाका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/०८/२३

कृषि ज्ञान केन्द्र ताप्लेजुङको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत संघीय सशर्त अनुदानतर्फको व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक कृषक समूह/कृषि सहकारी/ जल/वन उपभोक्ता समिति/ कृषि फर्महरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको २१औं दिन अर्थात मिति २०८२/०९/१४ गते भित्र कृषि ज्ञान केन्द्र, ताप्लेजुङ वा कार्यालयको इमेल akctaplejung@gmail.com मा तोकिएको ढाँचा (अनुसूची-१०) बमोजिम आवेदन दर्ता गर्नुहुन सम्बन्धित सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कार्यक्रमको विस्तृत विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको लक्ष्य | बजेट | न्युनतम क्षेत्रफल |
|---|---|---|---|---|
| १. | जिल्लाको प्राथमिकताप्राप्त बालीमा नयाँ व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम | १ | रु. १०.०० लाख | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन म्यानुअल, २०७७ बमोजिम। |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. रु. १० को हुलाक टिकट टाँस गरिएको अनसूची-६ अनुसारको ब्लक मागका लागि आवेदन र अनुसूची-७ अनुसारको ब्लक क्षेत्र मागको लागि आधारभूत तथ्याङ्क विवरण।
२. कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्मको दर्ता वा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर (PAN वा VAT) प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
४. कार्यक्रम सञ्चालन हुने स्थानमा तोकिएको जग्गाको क्षेत्रफल पुग्ने गरी जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता भएको कागजात।
५. निवेदकको नागरिकता वा परिचय खुल्ने कागजात ।
६. सहकारी, समूह तथा समितिको हकमा कार्यक्रम संचालन सम्बन्धी कार्यसमितिको निर्णयको प्रतिलिपि ।
७. सम्बन्धित स्थानीय सरकारको कृषि विकास शाखाको सिफारिस पत्र।
८. आवेदन दस्तुर बापत रु. २००/- नेपाल बैंक लि. को खाता नं. २७००२०००००१००१००००००१, राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०१०११ मा जम्मा गरी सोको सक्कल भौचर।

**थप जानकारीका लागि** कार्यालयको फोन नं. ०२४-४६०१३०/९८५२६६०१३०/९८५२६६०१३५/९८६६७६०३०४ मा सम्पर्क राख्न वा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाको वेभसाइट: www.pmamp.gov.np बाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यन्वयन म्यानुल, २०७७ डाउनलोड गरी जानकारी लिन सक्नुहुनेछ।

**पुनश्च:** रीत नपुगी तथा म्याद नाघी आएका निवेदन उपर कुनै कारबाहि गरिने छैन। विगतका वर्षहरुमा ब्लक विकास भएका क्षेत्र र जोन कार्यक्रम सञ्चालनमा रहेका बालीलाई यस कार्यक्रममा समावेश गरिने छैन।

**कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल:** तरकारी बालीको हकमा ४०० रोपनी र फलफूल तथा मसला बालिको हकमा न्यूनतम ६०० रोपनी साथै अन्य बालीवस्तुको हकमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन म्यानुअल, २०७७ बमोजिम। ।